# स्थानीय राजपत्र

**देवदह नगरपालिका, रूपन्देहीद्वारा प्रकाशित**

**खण्ड ३) देवदह नगरपालिका, मिति: २०७८/१२/१० (संख्या २**


## भाग–२

## देवदह नगरपालिका, रूपन्देही

देवदह नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम देवदह नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सम्वत् २०७८ सालको निर्देशिका नं. २

### निर्देशिकाको नाम : देवदह नगरपालिकाका बालसमूह र बालसमूह संजालको गठन तथा सहजिकरण निर्देशिका, २०७८

नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०७८/१२/०९

**प्रस्तावना:** स्थानीय तहको कार्यसम्पादनमा बालबालिकाहरुको समेत भूमिका महत्वपूर्ण हुने भएकोले उनिहरुको शारीरिक, सामाजिक,

संवेगात्मक र बौद्धिक विकास गर्दै बालबालिकाहरुको हकहित एवं बालअधिकारको विषयमा जनचेतना जगाई सामाजिक, सांस्कृतिक, शैक्षिक एवं अन्य सम्बद्ध क्षेत्रमा समेत बाल सहभागिता जुटाउन र बालविकासका साथै बाल संरक्षणको पहल गर्न वाञ्छनिय भएको स्थानीय सरकार सञ्चालन ऐन २०७५ को दफा ११ (ट) ले दिएको अधिकार प्रयोग गरि मिति २०७८/१२/०९ गतेको कार्यपालिका बैठकबाट **देवदह नगरपालिकाका बालसमुह र बालसमुह संजालको गठन तथा सहजिकरण निर्देशिका, २०७८** स्वीकृत गरि लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

यस निर्देशिकाको नाम "**देवदह नगरपालिकाका बालसमुह र बालसमुह संजालको गठन तथा सहजिकरण निर्देशिका २०७८"** रहने छ । यो विधान देवदह नगरपालिकाबाट स्वीकृत भए पछि तुरुन्तै लागु हुनेछ ।

**२. कार्यालयः**

यस निर्देशिका बमोजिम गठित बालसमूहको कार्यालय सम्बन्धित विद्यालयमा वा सो समुहले तोकेको स्थानमा, वडा बालसमुह सञ्जालको कार्यालयसम्बन्धित वडा कार्यालयले तोके बमोजिम र नगर बालसमुह सञ्जालको कार्यालय सम्बन्धित नगरपालिकाले तोके बमोजिम रहनेछ ।

**३. परिभाषाः** विषय र प्रसँगले अर्को अर्थ नलागेमा ।

(क) "समूह वा सञ्जाल" भन्नाले यस विधानको धारा ६ अनुरुप गठित बाल समूह वा सञ्जाललाई जनाउछ ।

(ख) "बाल समूहको बालबालिका" भन्नाले यस विधानको प्रयोजनका लागि ८ वर्ष देखी १८ वर्ष ननाघेका बालबालिकालाई जनाउँछ ।

४. **उद्देश्य एवं कार्यहरुः** यस बालसमूह/बालसमुह सञ्जालको देहाय बमोजिमका उद्देश्य एवं कार्यहरु रहनेछन् ।

(क) बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक तथा र सहभागितात्मक विकासको अभिबृद्धि गर्ने ।

(ख) बाल अधिकार सम्बन्धी राष्ट्रिय एवं अर्न्तराष्ट्रिय कानुनको बारेमा सचेतना वृद्धि गराउनु ।

(ग) बालसमूहको विस्तार र संगठनात्मक क्षमता अभिबृद्धि गर्ने ।

(घ) धर्म, वर्ण, लिङ्ग,जातजाति वा अन्य कुनै आधारमा बाल बालिकाहरुलाई विना भेदभाव समान अवसर प्रदान गर्ने बारे जनचेतना जगाउने ।

(ङ) बालबालिकाहरुको विरुद्ध हुने घरायसी हिंसा, बालयौन शोषण, बालदुर्व्यहार, बालश्रम, बाल बेचविखन, बालविवाह जस्ता सामाजिक विकृतिका विरुद्ध स्थानीय रुपमा सचेतना जगाई सो को कानूनी उपचारको लागि वातावरण निर्माण गर्ने ।

(च) बालअधिकार सम्बन्धी विविध कार्यक्रमहरु सञ्चालन र बालमैत्री स्थानीय शासनका संस्थागत विकास गर्नु ।

(छ) बालविकास सम्बन्धी विविध कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ज) पूर्व बालविकास सम्बन्धी कार्यक्रमहरुमा सहभागिता गराउनु ।

(झ) बालविकास सम्बन्धी हरेक गतिविधिमा सहभागिता गराउनु ।

(ञ) वातावरण, स्वास्थ्य सम्बन्धी कार्यक्रमलाई बाल गतिविधिमा समावेश गराउनु ।

(ट) आफ्नो समूहभित्रका बालबालिका सम्बन्धी विविध आधारमा तथ्यांक संकलन गर्ने ।

(ठ) बालबालिकाहरुको समस्या पहिचान गरी सो समस्या सम्बन्धित निकायमा पुर्‍याउन र समाधान गर्न प्रयत्न गर्नु ।

(ड) जन्मदर्ता, बालशिक्षा, बालिका शिक्षा,बालबृद्धि (तौल), सरसफाई, खोप, पोषण, बालस्याहार, आयोडिनको महत्व जस्ता मातृ एवं बाल स्वास्थ्यको विषयमा सन्देश वाहकको रुपमा कार्य गर्ने ।

(ढ) बालबालिकाहरुसँग सम्बन्धि रोग झाडा पखाला, निमोनिया तथा खुल्ला दिशा पिसाब मुक्त क्षेत्र बनाउने लगायतको विषयमा समाजमा जानकारी एवं सो को निराकरणको लागि चेतना जगाउनु ।

(ण) पिछडिएका, जोखिममा परेका, विपन्न द्वन्द एवं दैवी प्रकोपबाट पिडित बालबालिकाको पुर्नस्थापनको लागि पहल गर्नु ।

(त) अन्य बालसमूहहरु वा निकायसँग समेत समन्वय गरी एकिकृत रुपमा काम गर्ने ।

(थ) बालबालिकाको पूर्ण विकासका लागि अन्य विविध रचनात्मक कार्यक्रम सञ्चालन गर्ने ।

(द) एच.आइ.भि. एड्सका सम्बन्धमा जनचेतना जगाउने ।

(ध) बालविवाह, बहुविवाह,अनमेल विवाह, जातिगत भेदभाव एवं दाइजो प्रथा लगाएत सामाजिक विकृतिको विरुद्ध जनचेतना जगाउने ।

(न) बालबालिकाहरुलाई विविध सकारात्मक प्रतिस्पर्धात्मक गतिविधिमा विना भेदभाव बालबालिकालाई सहभागी गराउने ।

## ५. बालसमुह र बालसमुह संजालको गठन

५.१ बालसमुह र बालसमुह संजालको गठन निर्वाचन वासहमतिको आधारमा निम्न बमोजिम हुनेछ ।

(क) अध्यक्ष : १जना

(ख) उपाध्यक्ष : १जना
(ग) सचिव : १ जना
(घ) कोषध्यक्ष : १ जना
(ङ) सहसचिव : १ जना
(च) सदस्यहरु :बालसमुहमा ८ जना, वडा बाल संजालमा १० जना र नगर बाल सञ्जालमा १२ जना ।
(छ) संरक्षक : १ जना (नगर बाल सञ्जालको हकमा २ जना)
(ज) सल्लाहकार : १जना
(ञ) सहजकर्ताः १ जना

६.२ बालसमुह र बालसमुह संजालको संरचना समावेशी हुनेछ । कुल सदस्यमध्ये कम्तिमा ५० प्रतिशत बालिका हुनुपर्नेछ । पदाधिकारीमध्ये कम्तिमा २ जना बालिकाहरु रहनेछन ।

६.३ बालसमुह र बालसमुह संजालको पदावधी २ वर्षको हुनेछ ।

## ६. संरक्षकः

- विद्यालयमा आधारित बाल समूहको हकमा वि.व्य.स. अध्यक्ष
- समुदायमा आधारित बाल समूहको हकमा वडा समितिले तोकेको वडा समितिको सदस्य
- वडा बाल सञ्जालको हकमा वडाध्यक्ष
- नगर बाल सञ्जालको हकमा नगरप्रमुख र उपप्रमुख

## ७. सल्लाहकार

- विद्यालयमा आधारित बाल समूहको हकमा प्रधानाध्यापक

- समुदायमा आधारित बाल समूहको हकमा बालसमुह बाट उमेर नाघी सेवा निवृत्त भएका पूर्व अध्यक्ष, शिक्षक, कर्मचारी, खेलाडी, प्रतिष्ठित विद्धान, प्राध्यापक वा समाजका प्रतिष्ठित व्यक्ति मध्येबाट सो समुहले छनौट गरेको व्यक्ति
- वडा बाल सञ्जालको हकमा वडासचिव
- नगर बाल सञ्जालको हकमा प्रमुख प्रशासकीय अधिकृत

८. **सहजकर्ताः** बालसमुह र बालसमुह संजालको सहजकर्ता शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यरत अधिकृतस्तरको कर्मचारी रहनेछन् ।

९. **पदावधि** :

बालसमुह र बालसमुह संजालको पदावधि गठन भएको मितिले २ वर्षको हुनेछ । कुनै पदाधिकारीले राजिनामा दिएमा वा अन्य कुनै कारणले पद रिक्त भएमा पदाधिकारीको हकमा बाँकी अवधिका लागि सम्बन्धित बालसमूह र बालसमुह संजालले आफु मध्येबाट नियुक्ति गर्नेछ र सदस्य पदका लागि बाल समुह उमेर समुहका बालबालिका मध्येबाट चयन गर्नु पर्नेछ । बाल समुह उमेर समूहका बालबालिकाहरु आ-आफ्नो क्षेत्रमा गठन हुने बाल समुह वा सञ्जालको साधारण सदस्यको हैशियतमा रहनेछन् ।

१०. **पदाधिकारीको काम, कर्तव्य र अधिकारः** पदाधिकारीहरुको देहाय बमोजिम  काम, कर्तव्य र अधिकार हुनेछ ।

(क) **अध्यक्षको काम, कर्तव्य र अधिकार** : अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम  हुनेछ ।

१. बालसमूहको बैठक र समूहको साधारण सभाको अध्यक्षता ग्रहण गर्ने ।

२. बालसमूहको बैठक वा साधारण सभामा आवश्यक प्रस्ताव र कागजात पेश गर्ने गराउने ।
३. बालसमूहको आम्दानी,खर्च हिसाबर अन्य कागजात सुरक्षित राख्ने, राख्न लगाउने ।
४. बालसमूहको निर्णय र स्थानीय वडा, नगरको निर्देशन, बालबालिका सम्बन्धि नीतिको कार्यान्वयन गर्ने,गराउने ।
५. बालसमूहका प्रतिनिधि चयन गरी पठाउने वा समूहको प्रतिनिधित्व गर्ने ।
६. उपाध्यक्ष र सदस्यहरुलाई विषयगत कार्यभार विभाजन गरिदिने ।
७. सात दिन भन्दा बढि समयका लागि अनुपस्थित हुने भएमा उपाध्यक्ष र उपाध्यक्ष नभएमा आफु मध्येका वरिष्ट सदस्यलाई कार्यवाहक अध्यक्ष तोक्ने ।
८. स्थानीय तह र जिल्ला समन्वय समितिसँग समन्वय गरी अन्य संघसंस्थावा निकायसँग कार्यक्रमको मागतथा बालबालिकाका लागि तयार भएको आवधिक लगानी योजना कार्यान्वयन गर्ने, गराउने ।

**(ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार** : उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. अध्यक्षको अनुपस्थितिमा कार्यवाहक अध्यक्ष भै कार्य गर्ने ।
२. तोकिएको अन्य काम गर्ने ।

**(ग) सचिवको काम, कर्तव्य र अधिकार** : सचिवले अध्यक्षको प्रत्यक्ष निर्देशनमा रही देहाय बमोजिम काम, कर्तव्य र अधिकारको प्रयोग तथा पालन गर्नु पर्नेछ ।

१. बालसमूहको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने ।
२. बालबालिका वा बालसमूहसँग सम्बन्धित व्यक्तिको अध्यावधिक अभिलेख राख्ने ।
३. बालसमूहको चल,अचल तथा जिन्सी सम्पत्तिको लागत राख्ने ।
४. बालसमूहको बैठकको माइन्युट लेख्ने, माइन्युट पुस्तिका जिम्मा लिने र निर्णय प्रमाणित गर्ने ।
५. बालसमूहको प्रशासकीय कार्य गर्ने ।
६. अध्यक्षको निर्देशन अनुसार बैठक बोलाउने ।
७. तोकिएको अन्य कार्य गर्ने ।
८ निर्णयको कार्यान्वयन गराउने ।

**(घ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः**

१. बालसमूहको आय व्यय दुरुस्त राख्ने ।
२. आर्थिक बजेट तयार गरी समूहको बैठकमा पेश गर्ने ।
३. आर्थिक सहयोग जुटाउने ।
४. आर्थिक कारोबार सम्बन्धि जिम्मेवारी पुरा गर्ने ।

**(ङ) सहसचिवको काम, कर्तव्य र अधिकारः**

१. सचिवको अनुपस्थितिमा सचिवको कार्यवाहक संहाल्ने ।
२. तोकिएको अन्य कार्य गर्ने ।

**(च) सदस्यको काम, कर्तव्य र अधिकार**

१. बैठकमा सहभागी हुने ।
२. निर्णयका लागि आफ्नो मत पेश गर्ने ।
३. तोकिएको अन्य कार्य गर्ने ।
४. समूहको हित हुने अन्य रचनात्मककार्य गर्ने ।
५. बालमैत्री स्थानीय शासन सूचकलाई कार्यान्वयन गर्ने, गराउने ।

## ११. सदस्यता

**अ. सदस्यताको योग्यताः** यस बालसमूहमा देहायको बालबालिका सदस्य हुन पाउने छन् ।

(क) उमेर कम्तीमा ८ वर्ष पुगि १८ वर्ष ननाघेको ।
(ख) स्थायी सरुवा रोग नलागेको ।
(ग) मगज नबिग्रेको वा मानसिक सन्तुलन ठिक भएको ।
(घ) समूहको नियम निति प्रति प्रतिबद्ध भएको ।
(ङ) कम्तिमा ६ महिना देखी स्थानिय टोल बस्तीमा बसोबास गरेको ।

**आ. सदस्यताको अयोग्यता**

(क) मगज विग्रेमा वा मानसिक सन्तुलन विग्रेमा ।
(ख) १८ वर्ष उमेर नाघेको ।
(ग) मृत्यु भएमा ।
(घ) राजिनामा दिएमा ।
(ङ) अविश्वासको प्रस्ताव पारित भइ हटाइएमा ।
(च) सदस्यताको नविकरण नभएमा र
(छ) लगातार तीन पटक विना सूचना बैठकमा अनुपस्थित भएमा ।
(ज) एक भन्दा बढी बालसमूहको सदस्यता लिएको पाईएमा वा प्रतिनिधित्व गरेमा ।
(झ) अनुशासनहिन काम गरेमा ।

**१२. बैठक** : बालसमूहले कम्तिमा २ महिनाको १ पटक बैठक बस्नु पर्नेछ । बैठकको गणपुरक संख्या ५१ % उपस्थितिलाई मानिनेछ ।

**१३. निर्णयः** बालसमूहको बैठकमा यथासम्भव सर्व सम्मत निर्णय गराउने, नभएमा बहुमतको निर्णय मान्य हुनेछ तर मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछन् ।

**नोट** : निर्णय प्रक्रियामा संरक्षक, सल्लाहकार वा सहजकर्ताले मतको प्रयोग गर्न पाउने छैनन् ।

**१४. निर्वाचनः** बालसमूहको प्रजातान्त्रिक पद्धति अनुरुप आफ्नो समूहको निर्वाचन पदावधि समाप्त हुनुभन्दा एक महिना पहिले सम्पन्न गर्नु पर्नेछ ।

**१५. निर्वाचन अधिकृतः** बालसमूहले आफ्ना संरक्षक, सल्लाहकार वा सहजकर्ता मध्येबाट कम्तिमा ३ सदस्यीय निर्वाचन मण्डल तोक्नु पर्नेछ । सो मध्ये १ जना मुख्य निर्वाचन अधिकृत रहनेछन् । मुख्य निर्वाचन अधिकृतले निर्वाचन प्रक्रिया वा कार्यविधि आफै निर्धारण गर्नेछ ।

**१६. कोषः**

(क) यस बाल समूहले आफ्नो नामबाट एउटा सामान्य कोषको स्थापना गर्न सक्नेछ ।

(ख) कोषमा देहायका स्रोतबाट रकम जम्मा हुनेछ ।

१. बालबालिकासँग सम्बन्धित निकायबाट प्राप्त सहयोग ।
२. सहयोग, उपहार
३. सदस्यता तथा नविकरण (सूचिकृत) शुल्क
४. सास्कृतिक वा विविध रचनात्मक कार्यक्रमबाट उठेको रकम
५. समूहको प्रकाशनबाट प्राप्त हुने रकम
६. अन्य सामाजिक संघसंस्थाबाट प्राप्त रकम

**१७. प्रतिवेदनः** बालसमूहले आफ्नो वार्षिक साधारण सभाबाट पारित वार्षिक प्रतिवेदन बालमैत्री स्थानीय शासननगर समिति देवदह नगरपालिकामा प्रत्येक वर्षको असार मसान्त भित्र पेश गर्नु पर्नेछ ।

**१८. संशोधनः** यो विधान संशोधन गर्दा बालसमूह बालसमूह/ संजालको २ तिहाई सदस्यहरुको बहुमतले संशोधन प्रस्ताव पारित भई बालमैत्री नगर समितिबाट स्वीकृत हुनुपर्नेछ ।

**१९. बचाउः** यो विधानमा उल्लेखित कुराहरु प्रचलित नेपाल ऐन नियम वा विनियम सँग बाझिएमा बाझिएको हद सम्म स्वत अमान्य हुनेछन् ।

**२०. बालसमूह, बालसंजालको बचाउ र खारेजीः** बाल समूह वा सञ्जालले तोकिएका उद्देश्य अनुरुपको काम गर्न नसकेको पाइएमा सफाइको मनासिव मौका दिई नगरकार्यपालिकाले विघटन गर्न सक्नेछ ।

यस अघि बालसञ्जाल वा बालसमूहको हैशियतमा नगरपालिकासँगको समन्वयमा भए गरेका कामहरु यसै निर्देशिका बमोजिम भएको मानिने छ ।

**२१. बिघटनः** बाल समूह वा सञ्जालले तोकिएका उद्देश्य अनुरुपको काम गर्न नसकेको पाइएमा सफाइको मनासिव मौका दिई नगरकार्यपालिकाले विघटन गर्न सक्नेछ ।

विघटीत समूहको सम्पूर्ण चल, अचल सम्पत्ति देवदह नगरपालिकाको संरक्षणमा सर्नेछ ।

**२२. विविध**

(१) **साधारण सभाः** समूहको साधारण सभा वर्षको एक पटक बस्नेछ । साधारण सभाको सूचना प्रत्येक सदस्यहरुलाई एक महिना अगाडि सचिवले दिनु पर्नेछ । साधारण सभामा समूहको बार्षिक कार्य प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन तथा बार्षिक कार्ययोजना सम्बन्धि प्रस्तावहरु निर्णयार्थ अध्यक्षले पेश गर्नेछ । साधारण सभाको गणपूरक संख्या समूहका साधारण सदस्यहरुको ५१ प्रतिशत उपस्थितिलाई मानिनेछ ।

(२) **कार्यविधि बनाउने:** निर्देशिकाको उद्धेश्य प्राप्तिको लागि बाल समूहले आफुलाई आवश्यक पर्ने विनियम/ कार्यविधि बनाउन सक्नेछन् । समुहले बनाउने विनियम/कार्यविधि नगरपालिकास्तरिय बालमैत्री स्थानीय शासन नगर समितिले स्विकृत गरेपछी मात्र कार्यान्वयन योग्य हुनेछ । साथै समूहले आवश्यक समूह र उप समूहहरुको पनि गठन गर्न सक्नेछन् ।

## अनुसूची-१

### बालसमूह, बालसमूह संजालको छाप

(समूहको छापमा समूहको नाम, स्थापना वर्ष र ठेगाना अनिवार्य रुपमा हुनु पर्नेछ ।)

## अनुसूची-२

### देवदह नगरपालिका

### वडा नं      लुम्बिनी प्रदेश, नेपाल

### बालसमूह/बालसमूह संजाल सूचिकृतको दर्ता किताब

| क्र.सं. | बालसमूह/बालसमूह संजाल नाम | ठेगाना | बालसमूहमा सदस्य संख्या | | संरक्षक वा सहजकर्ताको नाम | स्थापना मिति | सूचिकृत नं. र मिति | सम्पर्क नं. | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**अनुसूची-३**
**देवदह नगरपालिका**
**......नं. वडा कार्यालय**
**लुम्बिनी प्रदेश, नेपाल**

## बालसमूह/बालसमूह संजाल सूचिकृतको नविकरण किताब

| क्र.स | बालसमूह/बालसमूह संजालको नाम | ठेगाना | बालसमूहमा सदस्य संख्या | | संरक्षक वा सहजकर्ताको नाम | स्थापना मिति | सूचिकृत नं. र मिति | नविकरण मिति | सम्पर्क नं. | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## अनुसूची-४

देवदह नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
केरवानी,रुपन्देही
लुम्बिनी प्रदेश,नेपाल

### बालसमुह/सञ्जाल दर्ता प्रमाण-पत्र

बाल अधिकार प्रवर्द्धनमा अभिव्यक्त सामूहिक प्रतिबद्धताको सम्मान गर्दै यस देवदह नगरपालिका वडा नं...........को ....................... बालसमूह/सञ्जाललाई देवदह नगरपालिकाको बालसमूह गठन तथा सहजिकरण निर्देशिका, २०७८ बमोजिम यस नगरपालिकामा सूचिकृत गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ । बाल अधिकार सम्बन्धि महासन्धी, १९८९ नेपालको संविधान तथा बालबालिका सम्बन्धी विधिन्न ऐन कानून समुदाय, परिवार तथा अन्य क्षेत्रमा प्रभावकारी कार्यान्वयन तथा अधिकार प्रवर्द्धनमा यहाँको सक्रिय र प्रभावकारी भूमिकाको अपेक्षा गर्दै बालसमूहको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

प्रमाणीकरण मिति : २०७८/१२/१०

आज्ञाले
डिल्लीराज बेल्बासे
प्रमुख प्रशासकीय अधिकृत